म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२५ शनिबार २३ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 8 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सूचना ! सूचना !! सूचना !!!**

हेटौंडाको चिरपरिचित फार्मेसी **देउराली फर्मा** यहि २०८० असार २३ गते शनिबारबाट हेटौंडा-३ बसामाडीमा सञ्चालन गरिएको सम्पूर्ण ग्राहक बन्धुलाई सहर्ष जानकारी गराउदछौं । ग्राहकलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

प्रो. हिरालाल श्रेष्ठ

**देउराली फर्मा**

हेटौंडा उ.म.न.पा.-३ बसमाडी

सम्पर्क : ०५७-५२५८६३, ९८६५०१२५८८

### सडक प्रभाबितलाई आज बिहान भेला हुन आव्हान

## हेटौंडा बजार क्षेत्रका घर भत्कने त्राश बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ सार्वजनिक सडक ऐन २०३१ बन्नुपूर्व हेटौंडा बजार क्षेत्रमा बनेका घरको मुआब्जा नदिएसम्म सडक बिस्तार गर्न नदिने बताइएको छ । मकवापुर उद्योग वाणिज्य संघले शुक्रबार हेटौंडामा पत्रकारसँग छलफल गर्दै संघअन्तरगतको हेटौंडा बसोबास संरक्षण समितिसहितको एकसूत्रीय माग पूरा नगरी घर भत्काउन खोजेको खण्डमा आन्दोलन गरिने बताइएको छ ।

पूर्वपश्चिम राजमार्ग बन्नुअघि नै २०११ सालदेखि बसोबास गर्दै आएको हेटौंडा नगरमा स्थानीय सरकार (नगरपालिका) ले एकीकृत सम्पत्ति कर लिइरहेको संघका पूर्वअध्यक्ष एबम् नेपाल उद्योग वाणिज्य महासंघका सदस्य कृष्ण कटुवालले बताएका छन् । डिभिजन सडक कार्यालयले अतिक्रमण गरी निर्माण गरेको भनेर प्रचार गर्दा आफूहरुलाई दुख लागेको कटुवालले बताए ।

२५ मिटरभित्रका घर जग्गाको लालपूर्जा व्यक्तिकै नाममा रहेका छन् । राज्यलाई हालसम्म नियमानुसार मालपोत, बिभिन्न कर तिर्दै आएको, मालपोत कार्यालयबाट खरीदबिक्री हुँदै आएकोले निजी सम्पत्ति राज्यले लिनुपर्दा क्षतिपूर्ति वा मुआब्जा दिनुपर्ने हेटौडा बसोबास संरक्षण समितिका अध्यक्ष एबम् मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताए ।

प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, मउवासंघका पूर्वअध्यक्षहरु अरुणराज सुमार्गी, उत्तम शर्मा ढकाल, केशवलाल श्रेष्ठ, होटल एसोसियसनका पूर्वअध्यक्ष शंकरलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । मउवासंघका अध्यक्ष गुप्ता अग्रवालले एक हजार सात सय ७२ घरधनी प्रत्यक्ष प्रभाबित हुने, करिब एक सय ५० परिवार घरबारबिहिन (बिस्थापित) हुने, झण्डै चार हजार ब्यवसायी प्रभाबित हुने बताए । हेटौंडा बजार क्षेत्रका करिब तीन सय घरधनीहरुले घर भत्काउने सूचनाको बिरोधमा सर्बोच्च अदालतमा बिभिन्न मितिमा मुद्दा दायर गरेका छन् ।

लामो समयदेखि अनिर्णयको शिकार भएको हेटौंडा बजार क्षेत्रका भवन भत्कने सम्भावना बढ्दै गएपछि ब्यवसायीहरुको चिन्ता पनि बढेको छ । हेटौंडा बजार क्षेत्रको सडक विस्तारको विषयले हेटौंडा पुन: तातिएको छ । केहीवर्ष अघिमात्र करोडौं रुपैयाँमा किनबेच भएका घर भत्कने भएपछि घर धनीको चिन्ता बढेको हो ।

गत असार १० गते डिभिजन सडक कार्यालय हेटौंडाले ३५ दिने सूचना जारी गरेपछि सडक विस्तारको विषयलाई पक्ष र विपक्षमा तीब्र बहस सुरु भएको छ । मकवानपुरका केहीदिन अघिमात्र मकवानपुर आएका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद प्रसाईंले शुक्रबार मध्यान्ह जिल्ला प्रशासन कार्यालयमा राखेको सवैपक्षीय छलफलमा पनि चर्काचर्की परेको छ । प्रजिअ प्रसाईंले २५ गजको विषयको बारेमा राखेको सर्बपक्षीय बैठकमा प्रदेशसभा सदस्य, मकवानपुर उद्योग वाणिज्य संघ, राजनीतिक दलका नेतृत्व, प्रहरी प्रशानस, सरोकारवाला घरधनी, हेटौंडा उपमहानगरपालिका प्रमुख, उपप्रमुख सहितको उपस्थिति रहेको थियो ।

बैठकको प्रारम्भका डिभिजन सडक कार्यालय हेटौंडाका डिभिजन प्रमुख राजेशकुमार यादवले असार १० गते प्रकाशन भएको सूचनाको विषयमा जानकारी गराउँदै यो पटक हेटौंडाका घरधनीको मागअनुसार सरकारले २५ मिटर लाई घटाएर २५ गतज मात्र बनाएको बताएका थिए । उनले साउन १६ सम्मा आफूहरुको सूचनालाई वेवास्ता गरिए अतिक्रमित घर टहरा कानुनी तबर बाट हटाइने बताए ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले चालु अवस्थामा राज्यले पीडितलाई मुआब्जा र कुनै क्षतिपूर्ति नदिई घर भत्काउन खोजे प्रतिकार हुने कडा चेतावनी दिए । उनले सयौं ब्यवसायी र घरधनीको ब्यक्तिगत सम्पत्तीलाई राज्यले हानी गर्न नसक्ने चेतावनी दिए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले आफूहरु पनि सडक विस्तारको पक्षमा रहेको तर, राज्यले उचित क्षतिपुर्ति र मुआब्जा दिनुपर्ने, बाइपास सडक निर्माण गरेर हेटौंडालाई सडकको बीचबाट दाँयाबाँया १६-१६ मिटर सडक फराकिलो बनाउन सकिने अवधारण प्रस्तुत गरे । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका मेयर मीना लामाले यो पटक हेटौंडाको सडक बिस्तार भएरै छाड्ने दाबी गरिन् । यो विषयलाई थप गिजोलेर समस्या नथप्न उनले अनुरोध गरेकी थिइन् ।

डकको दायाँबायाँ २५ मिटर क्षेत्रमा बनेका घरटहरा भत्काउने डिभिजन सडकको सूचनाको बिषयमा छलफल गर्न मउवासंघले शनिबार बिहान रोयल पार्टी प्यालेसमा प्रभाबितहरुलाई बोलाएको छ । संघले मुआब्जा दिएर मात्र भत्काउन दिने वा हेटौंडा सहर लाई बाइपास गरी सडकको नक्सांकन नै परिबर्तन गर्न सरकार समक्ष आग्रह गर्ने जस्ता विकल्पमा छलफल हुने बताएको छ ।

## चित्रेपानी सामुदायिक वनमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौडा-६ मा रहेको चित्रेपानी सामुदायिक वन उपभोक्ता समूहमा बृक्षरोपण गरिएको छ । डाबर नेपाल प्रालिको सहयोगमा बृक्षरोपण गरिएको हो ।

समूहको वन क्षेत्रभित्र कुरिलो, टटेलो, विजयसाललगायत विरुवारोपण गरिएको छ । कुरिलो १ लाख,, टटेलो ३ हजार, विजयसाल ३ हजार वृक्षरोपण गरिएको समूहका अध्यक्ष सूर्यबहादुर घलानले बताए । लोप हुदै गएका जडीबुटीजन्य विरुवा रोपेर समूहले राम्रो काम गर्नुको साथै स्थानीय उपभोक्ता र समूहलाई प्रयाप्त आयआर्जन हुने सव डिभिजन वन कार्यालय, हेटौडाका प्रमुख रामचन्द्र श्रेष्ठले बताए ।

कार्यक्रममा डाबर नेपालका एसोसियट मेनेजर विष्णु केसीले कार्यक्रमको बारेमा जानकारी गराउदै रोपिएका विरुवाको संरक्षण गर्नु पर्नेमा जोड दिए । डाबर नेपालले सुर्खेत, नुवाकोट, बारा, पर्सा, मकवानपुर, काभ्रे लगायतका ३४ जिल्लामा काम गरिरहेको बताउदै समूहले राम्रो काम गरेमा भविष्यमा समेत सहयोग गर्ने बताए । अघिल्लो बर्ष रोपिएका विरुवाले अब आम्दानी गर्न सुरु गर्ने र यसले स्थानीय उपभोक्ताको आर्थिक स्थितिमा सुधार ल्याउने उनको भनाई थियो ।

यसअघि डावर नेपालले समूहको क्षेत्रभित्र २ लाख ५५ हजार कुरिलो, सीताअशोक, जामुन, कोइराला लगायत वृक्षरोपण गरेको थियो । समूहले उत्पादन गर्ने विरुवाको डिभिजन वन कार्यालय, मकवानपुर बाट प्रमाणीकरण समेत भैसकेकाले यसले उत्पादन गर्ने विरुवाको डावर नेपालले प्रचलित बजारमूल्य अनुसार खरिद गर्ने समूहसँग सम्झौता भएको समूहले जनाएको छ । समूहका अध्यक्ष घलानको अध्यक्षतामा भएको कार्यक्रममा डावर नेपालका एशोसियट मेनेजर केसी, समूहकी सचिव रजनी गौतम, समूहका लेखासंयोजक भानुप्रताप बिडारी, सञ्चारकर्मी भीमसेन पौडेल, समूहका पदाधिकारी र उपभोक्ताको सहभागिता थियो ।

## मनहरीको बजेट ९० करोड रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को वजेट पारित गरेको छ । शुक्रबार गाउँपालिकाको सभाहलमा १३ औं अधिवेशन अन्तर्गतको दोस्रो वैठकले वजेट पारित गरेको हो । उपाध्यक्ष सीता पुलामी मगरले प्रस्तुत गरेको कुल ९० करोड २१ लाख ७१ हजार ८ सय ७३ रुपैयाँ ६६ पैसाको वजेट सभाले पारित गरेको हो ।

गाँउपालिकाले सुशासन, संस्थागत विकासतर्फ १४ करोड २९ लाख १२ हजार ८ सय ७३, आर्थिक विकासतर्फ ४ करोड ३० लाख, सामाजिक विकासतर्फ ३० करोड २३ लाख ५९ हजार, पूर्वाधार विकासतर्फ ३२ करोड ६४ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ १ करोड २५ लाख, वडागत बजेटतर्फ ७ करोड ५० लाख रहेको छ ।

कार्यक्रममा गाँउपालिका अध्यक्ष रंजन कालाखेती, वडाअध्यक्षहरु, वडासदस्यहरु, कार्यपालिका सदस्यहरु लगायत गाँउपालिकाका बिभिन्न राजनीतिक दलका नेताहरुको सहभागिता रहेको थियो ।

**Join IT Career in HCC**

**Admission Open**

**+2**

Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies

Law (English)



**Bachelor Program**

BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि प**्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।


**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

ZENITH 2009

**सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट**

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिंदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

**०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८०२९२७७ (प्रिन्सिपल)**

**2-DAY FREE MEDICAL CAMP**

**(२ दिने निशुल्क चिकित्सा शिविर)**



**असार २२ र २३ गते**

**स्थान: हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स**
**समय: बिहान ८ बजे देखि**

*****नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।*****

**नि:शुल्क स्वास्थ्य परिक्षण सेवाहरु:**

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by:
Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by:
KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# च्याट जीपीटीले रच्यो इतिहास, पादरीको अनुपस्थितिमा अमेरिकामा गरायो बिहे

आर्टिफिसियल इन्टेलिजेन्स च्याटबट च्याट जिपिटीले अब बिहे पनि गराउन थालेको छ । अमेरिकाको कोलोराडोमा बिहेका लागि फादर अर्थात् पादरीको अनुपस्थितिमा च्याट जीपीटीले एक जोडीको बिहे गराइदिएर इतिहास रचेको हो ।

सन् १८०० को दशकमा बनेको एक ऐतिहासिक चर्चमा उक्त कीर्तिमानी बिहे सम्पन्न भएको छ ।

मोरिसन चर्चमा भएको बेहुली ऋषि विन्च र बेहुला डेटन ट्रुटको सो विवाहमा च्याट जिपिटी एआई रोबोटले फादरको भूमिका निर्वाह गरेको थियो ।

समाचार अनुसार कोलोराडोको परम्परामा कुनै पनि जोडीले आपसी सहमतिमा कुनै अधिकारीको उपस्थिति बेगर पनि बिहे गर्न सक्दछ । सोही परम्पराको फाइदा उठाउँदै त्यो जोडीले आृनो बिहेमा एआई प्रविधिको प्रयोग गर्ने निर्णय गरे ।

एआई च्याटबट बाट बिहेको प्रक्रिया सम्पन्न गराउने आइडिया चाहीँ सुरुमा बेहुलीका पिता स्टिफन विन्चले निकालेका थिए ।

सो बिहेमा च्याट जीपीटीले केवल विवाह प्रक्रिया सम्पन्न मात्र गरेन उक्त बिहेमा पाहुनाहरुलाई निमन्त्रण गर्नका लागि पनि ज्याट जीपीटीकै सहयोग लिइएको थियो । बिहेमा करिब ३० जना पाहुनाहरु सहभागी भएका थिए ।

च्याटबटको प्रयोग गरेर गरिएको विश्वकै पहिलो यस विवाहका सम्बन्धमा च्याट जीपीटीले भनेको छ, 'हामीले यो ऐतिहासिक क्षणको खुसी मनाएर सम्मानित महसूस गरिरहेका छौं, जहाँ प्रेम र प्रविधि एक अर्कासँग जोडिएका छन् ।'



उक्त बिहेमा प्रयोग भएको च्याट जीपीटी च्याटबट युक्त एआई रोबोटलाई मुखौटा लगाइएको थियो । बिहेमा उपस्थित मानिसहरुलाई सम्बोधन गर्दै सो रोबोटले भन्यो, 'म यहाँहरु सबैप्रति आभार व्यक्त गर्दछु, विशेष गरी जो अन्य राज्यबाट समेत आउनुभएको छ ।'

उक्त रोबोटले फादरको भूमिका निर्वाह गर्दै बेहुला र बेहुलीलाई परम्परा अनुसार वाचा गराउनुका साथै आशीर्वाद पनि दिएको थियो ।

अनौठो त बिहेमा प्रविधिको प्रयोग गरेको ऋषि र डेटनको जोडीको प्रेम सम्बन्धको सुरुवात पनि प्रविधिसँगै जोडिएको छ । उनीहरुबीच अनलाइन डेटिङ एपको मार्फत्बाटै चिनजान भएर प्रेम अंकुरण भएको थियो ।

च्याट जीपीटीलाई फादर बनाएर बिहे गर्दै अन्ततः यो जोडीले इतिहासमा नाम लेखाएको छ । बिहेमा सहभागीहरुले पनि आफूहरुका लागि उक्त क्षण अनौठो र जीवनभरका लागि स्मरणीय रहेको बताएका छन् ।

*यौन जीवनका १० संकेत*

# जसले साथीको स्वार्थ पत्ता लगाउन सक्छ

यौन आफैंमा सुन्दर चीज हो । यो दुई व्यक्तिलाई नजिक ल्याउने एउटा माध्यम पनि हो । यसले श्रीमान् श्रीमतीबीचको सामिप्यता र आत्मीयता बढाउँछ । यो शारीरिक सामिप्यता मात्रै नभएर मानसिक पुनर्ताजकीकरणको लागि समेत उपयोगी हुने गर्छ । तर कहिलेकाँही दुवै साझेदारको बराबर आनन्द र मनोवैज्ञानिक रूपमा फाइदा पुऱ्याउने यौन कहिलेकाहीँ एकतर्फी नोक्सानीको कारक पनि बन्न सक्छ ।


जहाँ एक पार्टनरले अर्को पार्टनरको आवश्यकताहरूलाई लगातार बेवास्ता गर्छ, त्यहाँ समस्या उत्पन्न हुन सक्छ । यसको अर्थ कुनै स्वार्थी पार्टनर भयो भने त्यसबाट पर्याप्त आनन्द पाउन सकिँदैन । यहाँ हामी १० संकेतहरूको बारेमा बताउँदैछौं जसले तपाईंको पार्टनर कत्तिको स्वार्थी छ भन्ने पत्ता लगाउन सहयोग गर्छ ।



- यदि तपाईंको पार्टनर चाहन्छ कि जब उसलाई यौन सम्पर्कको चाहना भयो तब तपाईं तयार हुनुहोस् । यदि तपाईं मुडमा हुनुहुन्न र अस्वीकार गर्नुहुन्छ भने ऊ सिधै आफ्नो असन्तुष्टि जनाउँछ भने बुझ्नुहोस् तपाईंको पार्टनर स्वार्थी छ ।
- तपाईंको पार्टनर केवल एक यौन पोजिसन मन पराउँछन् । केटा होस् या केटी यौन पोजिसनमा नयाँपनको खोजी गर्दैनन् र तपाईले दिएको सुझाव पनि मन पराउँदैनन् भने पनि बुझ्नुहोस् तपाईंको पार्टनर स्वार्थी छन्/छिन् ।
- यदि तपाईंको पार्टनरले आफूलाई मुडमा ल्याउने काम पनि तपाईं आफैंले गर्दिए हुन्थ्यो जस्तो सोच्छ भने यसमा पनि स्वार्थीपना देखिन्छ ।
- महिलाको शरीर कहिलेकाँही मुडमा आउनको लागि केही समय लाग्छ । तर कहिलेकाहीँ पुरुषहरू आफू विस्तारामा आउने बित्तिकै महिला मुडमा आओस् भन्ने पनि चाहन सक्छन् । यदि यस्तो भयो भने यसमा स्वार्थ देखिन्छ ।
- यदि तपाईंको पार्टनर तपाईंसँग मुडमा हुँदा मात्रै राम्रो व्यवहार गर्छन् भने त्यसमा स्वार्थ छ भन्ने बुझ्दा हुन्छ । कोही पनि अरूबेलामा उदासीन हुने र मुडमा आएपछि जे गर्न पनि तयार हुन्छ भने उसमा स्वार्थ भरिएको थाहा हुन्छ ।
- कोही पनि मान्छे अरू समय सधैं व्यस्त हुन्छ र यौन सम्पर्कको क्रममा पनि फोरप्ले जस्ता पूर्वतयारीमा ध्यान नदिई सिधै यौन सम्पर्कलाई ध्यान दिन्छ भने उसमा पनि स्वार्थ भरिएको छ भन्ने बुझ्दा हुन्छ ।
- यदि तपाईंको पार्टनर तपाईं कस्तो सम्बन्ध चाहनुहुन्छ ? भन्ने बुझ्न नै चाहँदैन भने ऊ स्वार्थले भरिपूर्ण छ भन्न सकिन्छ ।
- यदि तपाईं आफ्नो पार्टनरको शरीरको प्रशंसा गर्नुहुन्छ भने मख्ख पर्ने र तपाईंको प्रशंसा गर्न कहिलै नजान्ने पार्टनर छ भने बुझ्नुहोस् ऊ स्वार्थी मान्छे हो ।
- तपाईंको पार्टनर आनन्द दिनमा होइन कि लिनेबारेमा मात्रै विश्वास गर्छ भने बुझ्नुहोस् कि ऊ स्वार्थी मान्छे हो । कसैले फोरप्लेको जिम्मेवारी छाडेर तपाईंको भरोसा छाड्ने साथी छ भने उसमा स्वार्थ रहेको बुझ्नुहोस् ।
- जब तपाई पार्टनरसँग यौन सम्बन्ध राख्नुहुन्छ, तब तपाईं आफ्नो साथीसँग कुनै प्रकारको आत्मीयताको महसुस गर्नुहुन्न वा यौन सम्पर्कलाई साथीले केवल शारीरिक सम्बन्धको रूपमा मात्रै लिएको छ र यसमा भावनात्मक कुनै आस्था छैन भने सम्झनुहोस् त्यहाँ प्रेमभन्दा बढी स्वार्थ हुन्छ ।

# स्वस्थ र फिट रहनका लागि खानैपर्ने कुरा

वस्थ रहनका लागि नियमित रुपमा फिट राख्ने खानेकुरा खाने गर्नुपर्छ । शरीर फिट राखेमा शरीर पनि स्वस्थ रहन्छ ।



**जसका लागि यी खानेकुराको सेवन गर्नुस्:**

**दही:** दही प्रोटिन र पेट अनुकुल ब्याक्टेरियाले भरिएको हुन्छ । यसमा क्यालिशयम, पौष्टिक तत्व, भिटामिन बी २, भिटामिन बी १२, पोटाशियम र म्याग्नेशियम जस्ता तत्वहरु पाइन्छ । दहीले पाचन प्रक्रियालाई सक्रिय बनाउँछ र शरीरलाई स्वस्थ राख्छ ।

**दाल:** अलग-अलग रङका दालमा भरपुर पोषक तत्व पाइन्छ । दालमा फाइबर, प्रोटिन जस्ता पदार्थहरु पाइन्छ । यसले पाचन तन्त्र स्वस्थ राख्छ, नयाँ कोशिकाहरु निर्माण गर्छ । दालमा भिटामिन ए, बी, सी, ई, म्याग्नेशियम, आइरन र जिंक आदि पाइन्छ ।

**मसाला:** तरकारीमा प्रयोग गरिने मसलाले स्वास्थ्यलाई निकै फाइदा गर्छ । यसमा दुखाई कम गर्ने, रोगसँग लड्ने, एन्टि अक्सिडेन्ट, रोग प्रतिरोधी क्षमता बढाउने आदि काम गर्छ । बेसार, दालचिनी, मेथी, मरिच जस्ता मसलाहरु खानु फाइदाजनक हुन्छ ।

**लसुन:** लसुनले स्वास्थ्यमा फाइदाजनक हुन्छ । यसले रक्तचापक कम हुने, कोलेस्ट्रोल जस्ता समस्याहरु कम गर्छ । यसले रोग प्रतिरोधी क्षमता पनि बढाउँछ ।

# साहित्य

## मोबाइल



इलिना सापकोटा
*कक्षा ४*
*बालजागृति इङ्गलिस बोर्डिङ स्कूल*
*हेटौंडा-२, मकवानपुर*

यो सानो मोबाइलमा संसार अटेको छ ।
यही मोबाइलको कारणले धेरै दुर्घटना
घटेको छ।।

मोबाइलसँग फेसबुक, युट्युब, मेसेन्जर
जोडिएको ।
हामीले जे खोज्यो त्यो मोबाइलमा
भेटिएको ।।

मोबाइल किन्न जानुपर्छ नजिकैको बजार ।
मोबाइल किन्न खर्च लाग्छ हजारौं हजार ।।

राम्रा मात्र हैन नराम्रा कुरा पनि मोबाइलमा
पाइन्छ ।
ज्ञानबर्द्धक कुराहरुको लागि यही मोबाइल
चाहिन्छ ।।

मोबाइलको कारणले हुन्छ पारपाचुके
र बिहे ।
गलत प्रयोग नगरौ है यही संदेश दिएँ ।।

## पुतली



एन्सिका खड्का
*कक्षा : ९, नवोदय शिशु सदन*

पुतलीका हुल हावामा पङ्खसहित उड्नु
पुतली आफ्नै पखेटा हेरी रमाउने गर्नु

आकाश माथि उडेर गाको पुतली देखिन्छ
इन्द्रेणी जस्तै देखिने सबैको मन लोभिन्छ

पुतली सधैं फूलको रस चुस्न रमाउँछ
पुतली उडी गएको बेला सुन्दर देखिन्छ

जीवन पनि उडेर गाको थाहा नै हुँदैन
फूल नहुँदा पुतली रस पिउन पाउँदैन

## दुई मुक्तक

नन्दलाल आचार्य

भएर आमा सन्तान सुखी देख्ने उनकै चाहना
ओरालो हैन उकालो चढ्दै हेर्ने उनकै चाहना
जेजस्तो नाम र उपनाम दिए पनि उनलाई
सकिई आफू गँगटो जस्तो बन्ने उनकै चाहना ।

बेलाई एकान्तमा मेरा कलिला यी दुवै हात समाउनुभो
मैले केही बोल्नै परेन उहाँले नै सबै बात समाउनुभो ।
कानूनजस्तै प्रेमको आँखो फुटेको हुँदो रहेछ क्यारे
जति छुट्न खोजे पनि हामी दुवैको पूरै रात समाउनुभो ।

## साथी



मन्जिल राई
*कक्षा : ९, नवोदय शिशु सदन*

दुःखमा साथ
सुखमा हात
जहिले पाउने
एकलाई कहिले पनि
नछोड्ने
राम्रो मार्गमा लान
सहयोग गर्ने
नराम्रो बाटोमा
जानलाई रोक्ने

आउन साथी समाइ हात
अगाडि बढौँ
एक भई सधैँ हाँसेर
खेली जीवन बिताऔँ

तिमी नै बोली
तिमी नै साहारा
नछोड साथ
मनमा राख
आँखामा सजाउ
साँझ र बिहान

लड्दा म
हात दिई उठाऊ
अप्ठ्यारो पर्दा
साहारा दिई
जीवन रमाऊ

## कथा

# स्वास्नीको बिहे



- कुमार काफ्ले

राजनीतिक कोपभाजनको सिकार भएर म यस्तो दुर्गम ठाउँमा सरुवा भएँ कि के भनूँ ! त्यहाँको हावापानी र परिश्रमी मान्छेबाहेक सबथोक मन नपर्ने । बाह्र महिना हात पाखुरा चलाउँदासमेत छ महिना खान धौधौ पर्ने भिरालो र ढुङ्गेनी पंगर बारी । सिँचाइको अभावमा लगाइएका बालीनाली सुकेनास लागेको शिशुजस्ता देखिन्थे । जिन्दगी जिउन सारै कष्टकर र उदास उदास अनुहारहरू कहिले यता त कहिले उता दौडिरहेका भेटिन्थे । साँझ परेपछि रक्सीले टिल्ल भएर आउने अधिकांश लोग्नेले स्वास्नी कुट्थे र बहादुरी देखाउँथे । अनि कम कुटाइ भेट्ने महिलाहरू आफूलाई भाग्यमानी ठान्दथे । म यो नौलो परिवेशमा रमाएको थिएँ कि हराएको थिएँ आफैलाई राम्रोसँग थाहा थिएन ।

त्यस गाउँमा मैले केही साथीहरू बनाइसकेको थिएँ । तीमध्ये भोला पनि एक थियो । उसको बारेमा बुझ्दै जाँदा धेरै कुराहरू थाहा हुँदै गयो । मान्छे सारै रमाइलो र हक्कीको थियो । उसका दशौं असल गुणलाई त्यही एउटा रक्सी पिउने बानीले खर्लप्पै छोपिदिएको थियो औंसीको रातमा जून छोपिए जसरी । त्यही कारणले रहेछ स्वास्नीले चटक्क छोडेर माइतीघर गएकी । मैरै अनुरोधमा उसले आफूहरूको कसरी सम्बन्धमा चिसोपन आयो र गौरी कसरी माइत गई भनेर पश्चातापले भरिएको मुहारमुद्रा बनाएर भावुक भई बताएको थियो ।

'म नआउन्जेल नखाई कुरेर बस्थी । तर म राती कतिबेला घर फर्किन्थेँ कुनै टुङ्गो थिएन । मलाई देख्नेबित्तिकै ऊ खाना तताएर पस्किन्थी । तैपनि म अकारण निँहु खोज्थें । गाली गर्थें र धेरैजसो त पिट्थें । खानाको थाल लात्ताले हानेर बेहाल बनाइदिन्थें । र, ऊ धरधरी रुँदै भोकै सुत्थी । म पनि बेहोस भएर त्यत्तिकै बेठेगान सुतिदिन्थें जुत्ता नै नखोलीकन । तर पछि होश खुल्दा विस्तारामा आरामले सुतिरहेको हुन्थें । उसको सहनशीलता मैले उबेला बुझिनँ र अहिले पछुताउँदै छु ।'

'अनि त्यसपछि के भयो त ?' मेरो चासो ।

एकपटक ख्वाक्क खोक्यो । लामो सास तान्यो र आँखा रसिला पार्दै कनेर भन्न थाल्यो, 'त्यसपछि जे नहुनु थियो त्यही भइदियो । मेरो अत्याचारले सीमा नाघ्यो । म उसलाई हुने नहुने आरोप लगाउन थालें । सहेरै बसेकी थिई । जब मैले नशाको तालमा सजिलैसँग उसको पतिव्रत धर्ममाथि नै धावा बोलें तब उसले मसँग जिन्दगी नकट्ने ठहर गरिछ । र, उसले अब तिम्रो मुख हेर्दिनँ भनेर बिहानै मलाई त्यागेर हिँडी । सायद अझै फर्काउन आउँछ कि भनेर पर कुइनेटोबाट फर्कीफर्की हेर्दै थिई । तर म पापी अहँ गइनँ ।'

'अनि उसलाई लिन गएनौँ त भोला ?'

'के गर्नु सर ! दुई चार दिन त त्यो जाँठी गए जान्छे त, खुट्टा भए जुत्ता त कति कति जस्तो लाग्यो तर मेरो त दाहिने हातै भाँच्चिएजस्तो भइगो' नि । आज आउँछे छैन, भोलि आउली कि भनेर बाटो हेर्यो आउँदिन ! मेरा त आँखै टट्टाए । हार खाएर एकदिन त लिन गएँ ।' 'अनि आइन् कि आइनन् त ?' 'यहाँ सुन्नु न, भन्दैछु । पहिला कस्तो मान मनितो गर्ने सासूससुरा त्यो पालि त वास्तै गर्दैनन् बा ! नमस्कार गरें, बस्नु नभने पनि बसेँ । खाना खान थालेपछि चाहिँ तीनै जनाले भन्नू नभन्नु भने है अनि । खाँदाखाँदै छोडेर हिँडिदिउँजस्तो लागेकोथ्यो तर हिँडिनँ । सुनिरहेँ ।'

'सह्यालु पो रहेछौ त है ?'

'त्यस्तो भइदे'को भएत मलाई छोडेर के जाँदि हो र सर ! पहिला मैले भनेको थैं, अहिले पालाको पैचो फेरे भनेर मन बुझाएर बसेँ नि । फेरि त्यो दिनचाँहि रक्सी नखाइ गाको भा हुने रैछ । सासूसुराले त ल है गौरी के गर्छेस् ज्वाइँ लिन आउनु भाछ भनेर गए नि जाओस् जस्तो गरेका थे । तर ऊ बम्किन थाली हाली नि ! यस्तो जँड्याहासँग त मरे नि जान्न भनेर । अनि म भिजेको बिरालोझैँ लुरुलुरु एक्लै घर फर्किएँ ।'

'अनि फेरिफेरि पनि गयौ कि त्यत्ति एकचोटि हो ?'

'रक्सी नछोडी लिन नआउनू भनेकी थिई । भोलिदेखि खान्न भन्दाभन्दै यो काट्टो पनि कहिल्यै छोड्न सकिएन । अनि त जानलाई खुट्टा उचाल्न पनि सकिनँ ।' त्यसरी गौरीलाई लिन जाँदा रित्तै फर्केको भोला घरखेत, हाटबजार र मेलापात एक्लै गर्न विवश थियो । शनिबारको दिन, नुनतेल सकिएकोले साँघुटार बजारमा हाट भर्न झरेको रहेछ । म पनि झरेको थिएँ । झ्याप्प भेट भयो । उसले निकै मोलमोलाइ गरेर किनमेल सक्यो र भट्टीमा छिरेर एक बोतल लोकल रक्सी बिना सितन रित्यायो । अलिबेरपछि अझै थप्यो ।

म उसका क्रियाकलापहरू नियालिरहेको थिएँ । एकैछिनमा बाजागाजाका साथ एक हुल मान्छे अघि लागे । उसले झोला बोक्यो र लुसुक्क भीडमा छिर्यो । पाँच मिनेटजति अगाडि बढेपछि सबै रोकिए । त्यहाँ भव्य भोज चलिरहेको रहेछ । कोही खाने खाइरहेका थिए भने कोही नाच्न गाउनमा व्यस्त थिए । ऊ पनि अरुझैँ लाइनमा बस्यो र पालो कुरेर प्लेटभरि पुलाउ, काउलीको तरकारी, खसीको झोलवाला र कुखुराको फ्राइ मासु राख्यो । अब प्लेटमा थप केही चीज अट्ने ठाउँ थिएन । स्वाद लिइलिइ खायो चम्चाले ।

र, डकार्यो । त्यसपछि अरुले झैँ सानो प्लेटमा दही लियो । खायो । न्यापकिन पेपरले हातमुख पुछ्दै यताउता टहल्यो । लाग्थ्यो यस्तो परिकार उसले अहिलेसम्म एकैसाथ कहिल्यै खाने अवसर पाएको थिएन । यसकै हाराहारी स्वाद भएको खाना कहिलेकाहीँ गौरीले बनाउँथिन् र आफ्नै हातले खुवाउँथिन् । माया मिसिएको खानाको स्वाद आफ्नो ठाउँमा थियो र त्योभन्दा भन्दा स्वादिष्ट उनका कोमल हात लाग्थ्यो । उसले आज पनि सदाझैँ गौरीलाई सम्झ्यो र सम्झ्यो ती दिनहरू । जुन दिनहरू दुई ज्यान एकजस्तै थिए र थिए एकअर्काको पीरमर्का बुझ्ने मनहरू । त्यो बेलाको कुरा जुनबेला ऊ रक्सी खान त के गन्ध पनि मन पराउँदैनथ्यो । मातेको मान्छे देख्दा रिस उठ्थ्यो र एक्लै पनि बर्बराउथ्यो 'जँड्याहाहरू.......' यो बेग्लै कुरा थियो ।

जसरी उसको जिन्दगीको एउटा पयो घोराए परेको थियो ठीक त्यसैगरी उसका हरेक घटनाहरू अस्वभाविक र बेमेल लाग्थे मलाई । रक्सी पिउन शुरुआत गर्दाको कहानी पनि अचम्मैको थियो उसको । साथीहरू जाँडरक्सी र चुरोट बिँडीका अम्मली भएपनि उसलाई यस्ता कुलतप्रति बहुत् घृणा थियो । बिहे पछाडि तिनै दाँवलीहरूले रक्सी खाएर सम्भोग गरे शीघ्र स्खलन नहुने र श्रीमतीलाई सन्तुष्टि दिन सकिन्छ भनेर खुवाउन मरिहत्ते गरे तर उसले मानेन । यद्यपि उसको मनमा यस्तो कुरा खेलिरह्यो 'रक्सी खाएर सम्भोग गरे...।' यसले उसलाई पछ्याइरह्यो । छोड्दै छोडेन । दिनभरि गौरी, गौरीका अङ्ग विन्यास, उनीसँग बिताएका पलहरू सम्झ्यो । कहिले रात पर्ला र खानपिन छिट्छिटो सकेर सँगै सुत्न पाइएला ! दिमागमा यही मात्रै कुरा खेलाइरह्यो । र, राती हतारमा काम सक्यो ।

श्रीमतीको गुनासो आयो 'तपाईं त के के न गरौँला झैं झम्टिनुहुन्छ तर दुई मिनेट पनि अडिन सक्नुहुन्न ।' उसलाई यो असहय भयो । आफैलाई नामर्द सम्झ्यो र साथीहरूको सल्लाह अनुसार रक्सी नखाई आएकोमा पटकपटक धिकार्यो । अनि अर्कोतिर फर्केर सुत्यो तर राम्रोसँग निदाएन । र, भोलिपल्टदेखि रक्सी नखाइ घर फर्कनै छोड्यो ।

उसले सोच्यो, यो कुनै ठूलाबडाकै काजभोज हुनुपर्छ । जो पायो त्यहीले यत्रो धुमधामका साथ काँ यसरी खर्च गर्न सक्छ र ! जे होस् वर्षौंदेखिको भोक आजै मेटिएझैँ लाग्यो उसलाई । पेट छाम्यो, पुटुक्क उक्सिएको थियो । सबैतिरबाट विचार गरिल्यायो र अन्तिममा भोजको आयोजकलाई फदयबाटै धन्यवाद दियो । हिँड्ने बेला उसलाई एउटा अर्को सोच आयो जुन मनासिब नै थियो । धक फुकाएर मनैदेखि भोजको आयोजना गर्ने र यसको केन्द्रीय आकर्षण जो धेरै मान्छेहरूको भीडको बीचमा भएजस्तो ठानेर ऊ त्यतै लाग्यो । मिष्ठान्न परिकारले जिब्रो लठ्याइदिने, निशुल्करूपमा मनले मागेको भरपेट खान दिने मनकारी धर्मात्मा सज्जनवृन्दको दर्शन नगरी जानू त शोभनीय हुँदैन भन्ने ठान्यो उसले । भीड छिचोल्दै उसले सकेसम्म घाँटी तन्क्याएर सबैले हेरेतिर हेर्यो ।

सोफामा बिराजमान युगल जोडी जो मुस्कुराउँदै मान्यजनबाट आशिर्वाद ग्रहण गर्दै थिए । उसलाई आफूले टेकेको धर्ती भासिएझैँ लाग्यो । एकैछिनमा टाउको घुमाएर चक्कर लाग्यो र भाउन्न छुटेर आयो । सपनामा समेत हत्तपत्त नदेखिने खालको दुर्लभ दृश्य जुन आफ्नै आँखा अगाडि घटिरहेको थियो र ऊ सशरीर त्यहींनेर ठिङ्ग उभिएको थियो । उसलाई समय र स्थानको ख्याल हरायो । आफूले आफैंलाई बिर्सियो ।

हो, त्यहाँ गौरी नव दुलहीको स्थानमा सगर्व बिराजमान थिइन् जो केही वर्ष अगाडिसम्म भोलाको हप्कीदप्की सहेरै श्रीमतीको भूमिका निभाइरहेकी थिइन् । त्यतिमात्र कहाँ हो र ? एकैछिन अघिसम्मन् गौरी र उनीसँग बिताएका पल र उनले बनाएको खानाको स्वाद सम्झिरहेको थियो ऊ । त्यसपछि भीडबाट फुत्त बाहिर निस्कियो र उकालो लाग्यो । म पनि उसैको पछिपछि लागेँ । ऊ त एक्लै फतफताइरहेको थियो, 'साला आज स्वास्नीको बिहे खाइयो ! .....'

गफ गर्दै हिँड्दा बाटो कटनी पनि सजिलोसँग हुने र उभित्र गुम्सिएर रहेका भावनाहरू पनि सुन्न पाइने लोभमा मैले बोलाएँ ।

'ए भोला तिमी पनि यहाँ ! ल सँगै जाम् ।'

एकछिन त छक्क पर्यो अनि फिस्स हाँस्यो ।

त्यो हाँसोमा पीडाको मात्रा धेर थियो कि आफैप्रतिको व्यंग्य धेरै थियो मैले ठम्याउन सकिनँ । अनि कुरा शुरु गर्यो । 'सर आज त मैले स्वास्नीको बिहे खाएँ नि !.......'

*- नेपाली साहित्य घरबाट*

# बेवारिसे शवको अपमानजनक अन्त्येष्टि

काठमाडौं/ढोकाभित्र छिर्ने बित्तिकै 'ह्वास्स' गन्हाउँछ । भाँचिएका थोत्रा स्ट्रेचर एक-अर्को माथि खप्टिएका छन् । भुइँ रगतै-रगतले लत्पतिएको छ । प्यासेजमा रहेको स्ट्रेचर माथि एउटा शव राखिएको छ । बेवारिसे अवस्थामा भेटिएको उक्त शव अस्थिपञ्जर मात्रै बाँकी रहेको अवस्थामा छ ।

यो दृश्य महाराजगञ्ज स्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) मेडिकल इन्स्टिच्युट अन्तर्गतको 'फरेन्सिक मेडिसिन' विभागको हो । यसको ठ्याक्कै पछाडि छ- 'मर्चरी कोल्डरुम' । त्यसको छेउमा एउटा ठूलो फ्रिज छ । फ्रिज माइनस टेम्प्रेचरमा चलिरहेको छ । जहाँ, पोस्टमार्टम गर्न ल्याइएका लास (शव) राखिन्छन् । पहिचान भएका लास पोस्टमार्टम पछि आफन्तलाई जिम्मा लगाइन्छ ।

तर, पहिचान हुन नसकेका र पहिचान भए पनि कोही आफ्नो मान्छे नभएका बेवारिसे लासलाई 'कोल्डरुम' मा राखिन्छ । फरेन्सिक मेडिसिन विभागमा वार्षिक सयौंको संख्यामा बेवारिसे अवस्थाका लासहरू लगिन्छ । बेवारिसे लासलाई आफन्त लिन आएको खण्डमा पहिचान गर्न चिकित्सकले दुई वटा दाँत निकालेर राखेका हुन्छन् । किनकि आफन्त आएमा थप परीक्षण गरेर त्यो लास दिन सकियोस् ।




गएको सोमबार शिक्षण अस्पताल महाराजगञ्ज पुग्दा 'कोल्डरुम' भित्र लासमाथि लास थुपारेर राखिएका थिए । यी लासलाई पहिचान गर्न सजिलो होस् भनेर शरीरमा 'ट्याग' लगाइएको छ । केही लास टेबलमा राखिएका छन् भने धेरैजसो भुइँमा खप्टिएर राखेको अवस्थामा छन् ।

विज्ञहरूका भनाइमा बेवारिसे हुन् वा अरू लासहरू यसरी राख्न पाइन्न । बेवारिसे वा पहिचान नभएका लास पोस्टमार्टमपछि धोइपखाली गरेर सफा कपडाले बेरेर छुट्टा-छुट्टै ब्यागमा राख्नुपर्छ । यसरी राख्दा एक लासले अर्को लासलाई नछुने गरी कोल्डरुममा व्यवस्थित गरेर राख्नुपर्छ ।

उनीहरूका भनाइमा, बेवारिसे लासको खोजी गर्दा पनि कोही आफन्त फेला नपरे वा आफन्तले खोजी नगरेको अवस्थामा राज्यले नै गाडेर राख्नुपर्छ । किनकि, कुनै पनि समयमा कोही आफन्त लास लिन आएको खण्डमा सनाखत गरेर कुनै अंग दिन सकियोस् । २०७२ सालको भूकम्पपछि शिक्षण अस्पताल परिसरमा गाडेर राखिएका केही लासहरूबाट अंग निकालेर आफन्तलाई दिइएको उदाहरण पनि छ ।

तर, नेपालकै शवभन्दा बढी पोस्टमार्टम हुने तथा बेवारिसे शव आउने त्रिवि शिक्षण अस्पतालको फरेन्सिक मेडिसिन विभागको माथिको दृश्य कुरुप थियो । जसले नेपालमा बेवारिसे लास व्यवस्थापनको अवस्था, त्यसले पाउनुपर्ने न्यूनतम सांस्कृतिक सम्मान र यसमा समाज र राज्यको भूमिका माथि प्रशस्तै प्रश्न उठाउँछ ।

**बेवारिसे लास अस्पतालसम्म कसरी आइपुग्छन्, केही उदाहरण हेरौं :**

(क) करिब ४०-४५ वर्षीय एक पुरुष । मन्दिर, पार्टी, सडकमा बस्ने गर्थे । मागेर गुजारा चलाएका थिए । एक वर्ष अगाडि जाउलाखेल प्रहरी परिसरले उनलाई सडकमा अचेत अवस्थामा भेट्यो र, उपचारका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुऱ्यायो ।

चिकित्सकका अनुसार अत्यधिक मदिरा पिउने गरेका कारण शरीरका विभिन्न अंग फेल भएर उनको मृत्यु भएको थियो । चिकित्सकले पोस्टमार्टम गरे । धेरै मदिरा पिउने गरेका कारण 'कलेजो ड्यामेज' भइसकेको देखियो ।

अस्पतालको फरेन्सिक विभाग, जाउलाखेल प्रहरी परिसर र ललितपुर महानगरपालिकाले मृतक व्यक्तिको आफन्त खोजी गरे । महिनौंसम्म पनि केही खोज्न आएनन् । तीन महिनासम्म पनि लास बुझ्न कोही नआएपछि 'बेवारिसे लास' को सूचीमा राखेर अस्पतालले जाउलाखेल प्रहरी परिसरलाई जिम्मा लगायो । र, प्रहरीले पशुपति आर्यघाटमा पुऱ्यायो ।

(ख) लकडाउनको समय थियो । सबैतिर व्यापार, व्यवसाय बन्द । मजदुरी गरेर खाने व्यक्तिका लागि विभिन्न संस्थाले बिहान-बेलुका खानाको व्यवस्था गरेका थिए । पशुपति क्षेत्रमा 'बेवारिसे व्यवस्थापन तथा पुनर्जीवन केन्द्र' ले पनि गरिब, असहायका लागि खाना बाँड्ने काम गर्थ्यो ।

अन्दाजी, ५०/५२ वर्षका एक जना व्यक्ति त्यहाँ बिहान-बेलुका खाना खान आउँथे । एक दिन अचानक राति सुतेको अवस्थामा उनको मृत्यु भयो । गौशाला प्रहरी वृत्तले पोस्टमार्टम गर्न त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज पुऱ्यायो । उनको मृत्युको कारण 'नर्मल' देखियो । समाजसेवी सपना रोक्का मगरका अनुसार ती व्यक्ति लेखन कलामा पोख्त थिए । महिनौंसम्म उनको पहिचान खुल्न नसकेपछि मगरले नै अन्तिम संस्कार गरेर बिदा गरिन् ।

(ग) काठमाडौं महानगर पालिका वडा नम्बर १३ टंकेश्वर (मन्दिर) क्षेत्रमा अन्दाजी ३८ वर्षीय पुरुष मागेर आफ्नो बिहान-बेलुकाको भोक टार्ने गर्थे । गएको चैत १६ मा प्रहरीले उनलाई अचेत अवस्थामा फेला पाऱ्यो र उपचारका लागि ट्रमा सेन्टरमा भर्ना गऱ्यो । केही दिनपछि उनको मृत्यु भयो ।

कालीमाटी प्रहरी वृत्तले त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टमको लागि लग्यो । तर, फरेन्सिक विभागले तीन महिनासम्म पनि उक्त शवको सनाखत हुन नसकेको र लास राख्ने स्थानको अभाव भई दुर्गन्ध फैलिएर वातावरण प्रदूषित हुने अवस्था आएको भनेर त्यो लास कालीमाटी प्रहरी वृत्तको जिम्मा लगायो । प्रहरीले आर्यघाट पुऱ्यायो ।

(घ) ६ फागुन २०७९ मा बूढानीलकण्ठ वडा नं ४ मा रहेको शिवपुरी राष्ट्रिय निकुञ्जमा स्थानीय बासिन्दाले एउटा लास देखे । प्रहरीलाई खबर भयो । प्रहरी गएर हेर्दा लासको अस्थिपञ्जर मात्रै थियो । जंगलको खोल्सामा फेला परेको त्यो लास ४०/४५ वर्षीय महिलाको भएको पोस्टमार्टमको क्रममा पत्ता लाग्यो । सो लासको सनाखत हुन नसकेपछि प्रहरीले नै अन्त्येष्टि गऱ्यो ।

**बेवारिसे लासको प्रमुख स्रोत गरिबी**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत चिकित्सा समाजशास्त्री प्रा.डा.मधुसूदन सुवेदीका अनुसार मानिस बेवारिसे हुन पुग्नुको सबैभन्दा प्रमुख कारण गरिबी हो ।

एउटा मानिस बेवारिसे हुनुमा विभिन्न कारण हुन्छन् । चिकित्सा समाजशास्त्री डा.सुवेदीका विचारमा, 'सडकमा मानिस खान नपाएर भोकभोकै मरिरहेको छ । उपचार नपाएर मरिरहेको छ । के यसमा हाम्रो परिवार, समाज र राज्य जिम्मेवार छैन ?' डा. सुवेदीका विचारमा कुनै मानिस बेवारिसे हुनु परिवार, समाज र मानव-मानवबीचमा भएको ठूलो खाडलको नतिजा पनि हो ।

कुलतले बेवारिसे हुने अधिकांश सम्पन्न वर्गका हुन्छन् । लागूपदार्थ तथा मादक पदार्थ सेवनकै कारण उनीहरू सडकमा पुग्छन् । जसका कारण पारिवारमा सम्बन्ध राम्रो हुँदैन । नशामा डुबेका मानिसलाई सहजै घरपरिवारले फर्काउन पनि सक्दैनन् ।

यस्ता मानिस आफ्नै दुनियाँमा रमाइरहेका हुन्छन् । यसरी बेवारिसे हुन पुगेका मानिसले आफन्त गुमाइसकेका हुन्छन् । उनीहरू सडक, पार्टी र मठ-मन्दिर मा बसेर जीवन धानिरहेका छन् ।

पछिल्लो समय छोरा-छोरी विदेश बसेको कारण धेरै ज्येष्ठ नागरिक बेवारिसे बन्न पुगेको डा. सुवेदी बताउँछन् । 'छोरा-छोरी विदेशमा छन् । बुढाबुढी यहाँ एक्लै हुन्छन् । अस्पतालसम्म कोही कसैले लगिदिएको अवस्थामा पनि यस्ता बुढाबुढी बेवारिसे हिसाबले मर्छन्' डा. सुवेदी भन्छन्, 'नेपालमै भए पनि घरपरिवारबाट हेला भएर सडकमा पुगेका ज्येष्ठ नागरिक पनि बेवारिसे रूपमै मर्छन् ।'

श्रीमान्-श्रीमती छुट्टिएर बसेका, छोरा-छोरीसँग झगडा परेर सडकपेटी, मन्दिरमा आफ्नो जीवन धान्दै आएकाहरू पनि जीवनका अन्तिम दिनमा बेवारिसे हुने जोखिम रहन्छ । चिकित्सकका अनुसार, यसरी बेवारिसे बन्न पुगेकाहरू मादकपदार्थ तथा लागूपदार्थको लतमा फसिसकेका हुन्छन् । जसको कारण उनीहरूको शरीरका विभिन्न अंग फेल भएर बाटोघाटो र जंगल आसपासमा मृत्यु हुन पुग्छ ।

त्रिवि शिक्षण अस्पतालका फरेन्सिक विभाग प्रमुख डा.गोपाल चौधरीका भनाइमा, बेवारिसे लास विभिन्न प्रकृतिका हुन्छन् । पहिलो, मन्दिर, सडकमा मागेर खाने । दोस्रो, तुलनात्मक रूपमा सम्पन्न घरको पहिचान खुले पनि कुनै आफन्तले लिन नआउने । तेस्रो, अस्पतालमा ल्याएर उपचार हुँदाहुँदै व्यक्तिले छोडेर गएका ।

बेवारिसे शव व्यवस्थापन गर्दै आएकी समाजसेवी सपना रोक्का मगरका भनाइमा कतिपय लास पहिचान भए पनि सम्पन्न वर्गका मानिसले त्यसलाई स्वीकार गर्दैनन् । 'बेवारिसे लास पहिचान हुन्छ । ऊ वर्षौंदेखि बाटोमै मागेर बसेको हुन्छ । परिवारलाई मेरो सन्तान हो भन्न पनि राम्रो लाग्दैन' मगर भन्छिन्, 'बाँच्दासम्म त हाम्रो भएन, मरेपछि किन लासको सोधखोज गर्नु भनेर पनि वास्तै गर्दैनन् ।' बेवारिसे लास भेट्टाएपछिको कानुनी प्रक्रिया पनि झन्झटिलो छ । यस्ता लास भेटेपछि प्रहरीले नजिकैको पोस्टमार्टम हुने अस्पतालमा लैजान्छ र आफन्तको खोजी गर्छ । ३५ दिनसम्म खोजी गर्दा पनि आफन्त नभेटे त्यो लासलाई प्रहरीले फरेन्सिक मेडिसिन विभागमा बुझाइदिन्छ ।

तीन महिनासम्म पनि कोही बुझ्न नआए कोल्डरुमको स्पेस हेरेर प्रहरीलाई बुझाइने डा. चौधरी बताउँछन् । यसरी त्रिवि शिक्षण अस्पतालका फरेन्सिक विभागमा मात्रै वार्षिक ८० देखि १०० वटा बेवारिसे लास आइपुग्छन् ।

यसरी प्रहरीसमक्ष आएका बेवारिसे लासमध्ये अध्ययनको लागि मेडिकल कलेजले २५/३० वटा लैजान्छन् । उनका अनुसार अध्ययनमा प्रयोग हुने पनि बेवारिसे शव नै हुन् । तर, यसका लागि सग्लो र स्वाभाविक मृत्यु भएको शव चाहिन्छ ।

मेडिकल कलेजमा विद्यार्थीलाई विभिन्न अंग चिरफार (डाइसेक्सन) गर्न लगाइन्छ । यो अभ्यास नगरी डाक्टर बन्न सक्दैन । यस्तै, अभ्यास गरेर नै विद्यार्थी दक्ष डाक्टर बन्दछन् । तर, यसमा पनि सम्बन्धित व्यक्ति वा परिवारको सहमति चाहिनेमा बेवारिसे लासका हकमा यो प्रक्रिया पनि पूरा भएको हुन्न ।

अहिलेसम्म हजारमाथि बेवारिसे लासको सद्गत गरिसकेकी मगरले जीवनमा एउटा अनौठो घटना भएको छ । करिब डेढ वर्ष अगाडि मध्यरातमा उनलाई एउटा फोन आयो । अमेरिकाबाट आएको त्यो फोन बुवाको शवलाई दाहसंस्कार गरिदिन छोराले गरेको अनुरोध थियो ।

उनी भन्छिन्, 'मैतीदेवीको एक घरमा उहाँको बुवाको मृत्यु भएको रहेछ । उहाँ पेशाले सिभिल इन्जिनियर हुनुहुँदोरहेछ । आउन-जान धेरै खर्च लाग्ने र त्यसमाथि पनि नेपाल आउँदा यता आफ्नो जागिर नै जाने भनेर उहाँ नेपाल आउनुभएन ।'

'उहाँले बुवाको दाहसंस्कारमा लाग्ने खर्च पठाइदिने र शवको व्यवस्थापन गर्न अनुरोध गर्नुभएको थियो' मगर आफ्नो अनुभव साट्दै भन्छिन्, 'किन हो मानिस बुबा-आमाको दाहसंस्कार गर्न समेत नभ्याउने अवस्थामा पुग्दैछ ।' पछिल्लो चार वर्षको अवधिमा मात्रै छोरा-छोरी विदेश भएका यस्ता ५० भन्दा बढी ज्येष्ठ नागरिकको शवको दाहसंस्कार गरिसकेको मगर बताउँछिन् ।

**"वार्षिक ३०० माथि बेवारिसे शव"**

नेपाल प्रहरी प्रधान कार्यालयको तथ्यांक अनुसार देशभर वार्षिक ३०० भन्दा बढी बेवारिसे लास भेटिन्छन् । गत चार वर्षको तथ्यांकलाई हेर्दा बेवारिसे लास भेटिने संख्या बढ्दो छ ।

आर्थिक वर्ष २०७६/७७ मा २९९ बेवारिसे लास भेटिएकोमा आर्थिक वर्ष २०७९/८० (जेठसम्म) मा ३१८ लास भेटिइसकेका छन् । यस्तै, नेपाल प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/७८ मा ३४८ र २०७८/७९ मा ३७७ बेवारिसे लास भेटिएका छन् ।

सबैभन्दा बढी बेवारिसे लास बागमती प्रदेशमा भेटिन्छन् । चालु आर्थिक वर्षको तथ्यांकलाई हेर्दा बागमती प्रदेशमा १११, मधेशमा ७०, लुम्बिनीमा ५७, गण्डकीमा ५० बेवारिसे लास भेटिएका छन् । यस्तै, कोशीमा १८, काठमाडौं उपत्यकामा ९ र सुदूरपश्चिम प्रदेशमा ३ बेवारिसे लास भेटिएका छन् ।

सबैभन्दा बढी पुरुषको लास भेटिएको छ । पछिल्ला चार वर्षको तथ्यांक हेर्दा १ हजार ३७ पुरुष, २३४ महिला, २१ बालक, १६ बालिका र ६० वटा कंगाल बेवारिसे अवस्थामा भेटिएका छन् ।

फरेन्सिक चिकित्सकका अनुसार धेरैजसो बेवारिसे मानिसको मृत्युको कारण कलेजो फेल भएर हुन्छ । उनीहरूमध्ये धेरैको फोक्सो, मुटु, मिर्गौला पनि फेल भइसकेको हुन्छ ।

'प्राय:गरेर ४० देखि ६० वर्षका बेवारिसे लास आउँछन् । अधिकांशको सडकपेटीमै मृत्यु भएको हुन्छ' डा. चौधरी भन्छन्, 'अत्यधिक मदिरापान गरेका कारण शरीर सुन्निएको, पहेंलो भएको तथा शरीरमा संक्रमण भइसकेको हुन्छ ।'

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको फरेन्सिक विभागमा कार्यरत डा. सिर्जना कुँवरका अनुसार जाडो समयमा बेवारिसे लास धेरै संख्यामा आइपुग्छन् । 'चिसो मुख्य कारण हो' डा. कुँवर भन्छिन्, 'धेरैजसोको निमोनियाको कारण फोक्सोमा संक्रमण भएर मृत्यु भएको हुन्छ । कतिपय, केसमा ठ्याक्कै कारण पत्ता लाग्दैन ।'

**'लास राख्ने भौतिक पूर्वाधार छैनन्'**

नेपालमा लामो समय लास राख्नका लागि 'कोल्डरुम' टिचिङ अस्पतालमा मात्रै छ । उक्त कोल्डरुममा सजिलोसँग १०० वटा लास राख्न सकिन्छ । तर, कहिलेकाहीं क्षमताभन्दा बढी राख्नुपर्ने हुन्छ । जानकारहरूका अनुसार केही केन्द्रीय, प्रादेशिक अस्पतालमा दुई-चार वटा लास राख्ने फ्रिज छन् । तर, धेरै अस्पतालमा यो सुविधा छैन । जसका कारण दुई-तीन दिनमै बेवारिसे लास दुर्गन्धित हुने भएकाले अन्त्येष्टि गर्नुपर्ने बाध्यता हुन्छ ।

वरिष्ठ फरेन्सिक विशेषज्ञ प्रा.डा. हरिहर वस्तीका अनुसार २०७२ सालको महाभूकम्पपछि थुप्रै लास त्रिवि परिसरमा कुहिएर गए । तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा सरकारले राम्रो फ्रिज वा कोल्डरुम बनाउन चासो दिएन । लास सडेर जाने अवस्था आएपछि अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी) ले हालको नयाँ कोल्डरुम बनाइदिएको हो । 'कुनै बेला एउटा कोठामा बेवारिसे लास राख्दा लासमाथि लास थुपार्नुपर्ने बाध्यता थियो । त्यसबेला मुसाले बेवारिसे लासका कान, आँखा, नाक तथा शरीरका विभिन्न अंग खाइसकेका हुन्थे' डा. वस्ती पुराना दिन सम्झँदै भन्छन्, 'कतिपय शव कुहिएर अस्पताल परिसरमा नै दुर्गन्ध फैलिन्थ्यो ।'

पछिल्ला दिनमा केही अस्पतालमा पाँच-सात वटा लास राख्ने एक-दुई वटा फ्रिज भए पनि गुणस्तरीय भौतिक पूर्वाधार निर्माणमा राज्यले अझै बेवास्ता गरि रहेको उनको भनाइ छ ।

त्रिवि फरेन्सिक विभागको तथ्यांक अनुसार वार्षिक २ हजार भन्दा बढी पोस्टमार्टमका लागि लास आउँछन् । त्यसमध्ये १०० को हाराहारीमा बेवारिसे लास हुन्छन् । विभागका प्रमुख डा. गोपाल चौधरी पर्याप्त मात्रामा फ्रिजको व्यवस्थापन गर्न नसक्दा लासमाथि लास राख्नुपर्ने बाध्यता अहिले पनि रहेको गुनासो गर्छन् । 'सय भन्दा बढी त बेवारिसे शव नै हुन्छन्, जसलाई वर्षौंसम्म राख्नुपर्ने हुन्छ । त्यसमाथि कहिलेकाहीं ठूलो दुर्घटना वा विपत् निम्तिंदा लासमाथि लास राख्नुपर्ने हुन्छ' शव परीक्षणको लामो अनुभव सँगालेका डा.चौधरी भन्छन्, 'सरकारसँग पटक-पटक गुहार माग्दा पनि उपकरण र जनशक्ति थप गर्न कुनै चासो देखाइएन ।'

*(स्रोत: अनलाइनखबर)*

# नेतृत्वसँग कांग्रेस जिल्ला सभापतिहरुको गुनासै गुनासो

काठमाडौं/महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बोलाएको जिल्ला सभापतिहरुको भेला १४ बुँदे प्रतिबद्धता जारी गर्दै शुक्रबार सकिएको छ ।



पार्टी विधानले दिएको अधिकार बमोजिम बोलाइएको दुईदिने जिल्ला सभापतिहरुको भेलाले पार्टीलाई चलायमान बनाउने मूल प्रतिबद्धता जनाएको छ ।

यी विषय कांग्रेस विधानले महामन्त्रीको जिम्मेवारीमा राखेको छ । त्यही अधिकार प्रयोग गरी महामन्त्रीद्वय थापा र शर्माले बोलाएको भेलामा जिल्ला सभापतिहरुले निर्धारित विषय भन्दा बाहिर समेत चासो राखेका थिए ।

४१ जिल्ला सभापतिको प्रत्यक्ष सहभागिता र बाँकीले भर्चुअल माध्यम उपयोग गरेको भेलामा सभापतिहरुले मुख्यगरी बजेट, सरकार सञ्चालन र पार्टीभित्रको गुटबन्दीबारे कुरा उठाएका थिए ।

मोरङका सभापति एवम् संघीय सरकारका युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बु आफैंले बजेटप्रति असन्तुष्टि जनाएका थिए । आफ्नै नेता डा. प्रकाशरण महतले अर्थमन्त्री रहेर ल्याएको बजेट मन नपरेको उनको भनाइ थियो ।

'अर्थमन्त्रीले गुट नमिलेका कारण बजेट कटाउनुभयो । मन्त्रीहरु बीचमा समन्वय भएको छैन, बजेटमा सबैतिर असन्तुष्टि छ' कांग्रेस नेता डा.शेखर कोइराला निकट लिम्बुले भने । धादिङका कांग्रेस सभापति रामनाथ अधिकारीले पनि बजेटप्रति नै गुनासो गरे । '९० किलोमिटरका लागि ५ लाख छुट्याइएको छ । त्यो पाँच लाख देखाएर कार्यकर्ताकहाँ कसरी जाउँ ?' अधिकारीको प्रश्न थियो । अर्का सांसद तथा संखुवासभा सभापति दीपक खड्काले सरकार भएको अनुभूति हुन नसकेको टिप्पणी गरेका थिए । 'मन्त्रीसँग भेट हुन सक्दैन । बाढीपहिरो पीडितलाई राहत छैन' उनले भने । बजेट विनियोजनलाई लिएर संस्थापन र इतर दुवै पक्षका जिल्ला सभापतिले आक्रोश व्यक्त गरेको सहभागीहरुले बताएका छन् ।

दोलखाका सभापति बर्मा लामाले पनि बजेटप्रति नै असन्तुष्टि राखेका थिए । अर्घाखाँचीका सभापति केशव श्रेष्ठले त आफ्नै पार्टीबाट मन्त्री रहेकाहरु पशुपतिको साँढे जस्तो भएको टिप्पणी गरे । अछामका सभापति पुष्पबहादुर शाहले बजेटकै कारण जिल्ला जाने अवस्था नरहेको बताए । केन्द्र र प्रदेशका मन्त्रीहरुको एकलौटी चल्ने गरेको उनको भनाइ थियो ।

बजेट विजियोजन गर्ने क्रममा पार्टीका तल्लो संरचनासँग समन्वय नगरिएको प्रति जिल्ला सभापतिहरुको गुनासो आएको काठमाडौंका सभापति सबुज बानियाँ बताउँछन् ।

बजेट बाहेक जिल्ला सभापतिहरुले गरेको अर्को गुनासो पार्टी नेतृत्वको निर्णय प्रक्रियाप्रति थियो । पूर्व गृहमन्त्री बालकृष्ण खाँण नक्कली भुटानी शरणार्थी प्रकरणमा तानिँदै थुनामा रहँदा समेत निलम्बन नगरिएको प्रति भेलामा प्रश्न उठ्यो ।

बाँकेका सभापति नारायण गौडेलले खाँणलाई निलम्बन नगरिएको प्रति मूल नेतृत्वप्रति आक्रोश पोखेका थिए । 'भ्रष्टाचारको आरोप लागेर जेल पुगेकालाई निलम्बन खै ?' उनको प्रश्न थियो ।

रामेछापका सभापति पूर्णबहादुर तामाङले आङ्टावा शेर्पालाई अनुशासन समितिले विगतमा कारबाही नभएको प्रति प्रश्न गरे । शेर्पा नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषी ठहर गर्दै थुनामा छन् ।

शेर्पालाई रामेछापबाट अनुशासनको कारबाही गर्न सिफारिस गरिए पनि केन्द्रले निर्णय नलिएको प्रति उनको गुनासो थियो । त्यसबेला अनुशासन समितिको संयोजक भीष्मराज आङ्देम्बे थिए । आङ्देम्बे पनि सहभागी भेलामा तामाङले भने, 'आङटावा शेर्पालाई कारबाहीको सिफारिस भएर पनि कारबाही भएन । अहिले भगवानले कारबाही गरे ।'

भ्रष्टचारको मुद्दाले जनताकहाँ जान नसकिएको सभापतिहरुको गुनासो थियो । अर्घाखाँचीका सभापति केशव श्रेष्ठले केन्द्रलाई प्रश्न गरे, 'भ्रष्टाचारीलाई कारबाही गरेको कांग्रेसको निर्णय आउँदैन । जनताकहाँ कसरी जाने ?' जनताकहाँ जाने मुद्दा नभएको उनले सुनाए । राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता लिन एक हजार तिर्न जनता तयार रहेको, तर कांग्रेसको सदस्यता लिन अनिच्छुक रहेको उनले बताए ।

'कांग्रेसको ३०० रुपैयाँ तिरेर क्रियाशील भर्न खोज्दैनन्' वर्तमानको कांग्रेसको अवस्था चित्रण गर्दे श्रेष्ठले भने, 'शरीरमा हेऱ्यो घाउ छैन, जीउमा छोयो नदुखेको ठाउँ छैन ।'

**देउवा विनाको भेला**

देशभरका जिल्ला सभापतिहरुको भेलामा पार्टी सभापति शेरबहादुर देउवा अनुपस्थित भएकोबारे पनि प्रश्न उठ्यो । तर सभापतिलाई जानकारी गराएरै भेला भएको प्रष्टोक्ति महामन्त्रीद्वयले दिएका थिए ।

'सभापतिहरूको बैठक केन्द्रीय सभापतिको जानकारी विना भएको हल्ला गराइएको छ, कसले गऱ्यो यो ?' स्याङ्जाका सभापति राजु थापा भन्छन् ।

कांग्रेसका केही नेताले जेठ महिनाभर पार्टी रुपान्तरणको अभियानसहित देशभर अन्तरक्रिया तथा बहस गरेका थिए । रुपान्तरणको अभियान लिएर एक पक्षका नेताहरु प्रदेश प्रदेश गरेको विषय पनि भेलामा उठ्यो । स्याङ्जाका सभापति थापाले भने, 'नाममा गुटका भेलाले रुपान्तरण हुन्न ।' जिल्लाबाट सिफारिस नभई भ्रातृ संस्थामा मनोनित गरिएको भन्दै असन्तुष्टि व्यक्त गरे ।

कांग्रेसले साधारण सदस्यता अनलाइन मार्फत खुला गरेको छ । साधारण सदस्य भएको एक वर्षमा क्रियाशील सदस्यता प्राप्त गर्न व्यक्ति योग्य हुन्छ । अनलाइन प्रणालीमा गरिएको व्यवस्था बारे महामन्त्री तथा आइटी विज्ञले सहभागीहरुलाई जानकारी गराएका थिए ।

प्राविधिक ज्ञानको कमिले सदस्यता वितरण प्रभावकारी नहुने चिन्ता रहेको रुकुमपूर्वका सभापति केशवमान रोकाले बताए ।

पार्टीले गरेका सुधारका कार्यमा प्रचार गर्न नसक्दा पनि आलोचना बढेको उनको बुझाइ थियो । नेतृत्वलाई उनको सुझाव थियो, 'आत्मालोचना गर्दै पार्टी सुधार्ने र देश परिवर्तन गर्ने प्रतिबद्धता राख्नुस् । पार्टीले कार्यक्रम ल्यायोस गुटबन्दी आफैं हराउँछ ।'

कांग्रेसको पार्टीको गतिविधि केन्द्रीय तहमा गत एक वर्षमा खासै रहेन । केन्द्रमा गतिविधि नहुँदा त्यसको प्रभाव जिल्लामा पनि परेको सभापतिहरुको बुझाइ थियो । नवलपुरका कार्यवाहक सभापति चन्द्रबहादुर लामाले केन्द्रको गतिविधि नभएको देखाएर जिल्ला पनि तर्किएको बताए ।

पार्टीभित्र गुट गुटको आरोप प्रत्यारोपको श्रृंखला कांग्रेसमा निरन्तर चल्दै आएको छ । ललितपुरमा जिम्मेवार नेताले नै पार्टी विरुद्ध अभिव्यक्ति दिएको सभापति जितेन्द्र श्रेष्ठले बताए । 'कांग्रेस दलालहरुको पार्टी भन्ने केस मदनबहादुर अमात्यलाई के कारबाही हुन्छ ?' श्रेष्ठले नेतृत्वलाई प्रश्न गरे । श्रेष्ठकै जस्तो गुनासो मुगुका सभापति ऐनबहादुर शाहीको पनि छ । शाही भन्छन्, 'आफ्नै पार्टीका साथीहरू विपक्षीभन्दा कडा रुपमा प्रस्तुत भएका छन्, यसले पार्टीलाई कस्तो असर पर्ला ?'

पार्टीभित्रको गुटको अन्त्य गर्ने र सुधारको प्रक्रिया सुरु गर्न कारबाहीको सिफारिसमा परेकालाई निलम्बन गर्न नहुने राय पनि दिइएको थियो । चुनावी तालमेल गरेर जान नहुने तर्क एक उठिरहँदा पनि गठबन्धन बन्यो । चुनावी गठबन्धनले कांग्रेस पहिलो दल पनि बन्यो । चुनाव अघिको तालमेलले पार्टीभित्र निराशा बढेको कतिपय जिल्ला सभापतिहरुको तर्क थियो । चुनावी तालमेल गररै जानै नहुने विचार राखेको चितवनका जिल्ला सभापति राजेश्वर खनालले बताए ।

जिल्ला सभापतिहरुको असन्तुष्टि र सुझाव सुनिसकेपछि महामन्त्रीद्वयले ती विषय केन्द्रीय समितिमा उठाउने प्रतिबद्धता जनाए । पार्टी सुदृढीकरणका लागि ६/६ महिनामा जिल्ला सभापतिहरुको भेला गरिने महामन्त्रीद्वयले वचन दिएका छन् । *(अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनेछ ।
www.sajhakuranews.com

# दुध उत्पादक किसानलाई थाहाको अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ थाहा नगरपालिकाले ब्यवसायिकरुपमा दुध बिक्री गर्ने कृषकलाई प्रोत्साहन अनुदान बितरण गरेको छ ।

थाहा नगरपालिकाले समूह, सहकारी, फर्म, डेरीमार्फत् दुध बेच्ने कृषकलाई बर्षभरि बेचेको दुधको परिमाणका आधारमा अनुदान दिन थालेपछि गाईभैंसीपालन गरी दुध बेच्ने कृषकको संख्यामा समेत बृद्धि भएको थाहा नगरपालिका पशु बिकास शाखाका प्राबिधिक रुपेशकुमार मिश्रले बताए । मिश्रले यसवर्ष दूध उत्पादनका आधारमा २ सय ९९ सय जना कृषकलाई ८ लाख ४ हजार ४ सय २२ रुपैयाँ अनुदान उपलब्ध गराइएको बताए ।

थाहा नगरपालिकामा सञ्चालित एक सहकारी र डेरी मार्फत रकम बितरण गरिएको हो । नियमितरुपमा डेरीमार्फत दुध बिक्री गर्ने कृषकले बिक्री गरेको दुधको परिमाणका आधारमा प्राप्त अनुदान रकम बितरण गरिएको नबदुर्गा ट्रेडर्स थाहा-३ द्वारा सञ्चालित कृषक डेरीका सञ्चालक युवराज बर्तौलाले बताए । बर्तौलाले कृषक डेरीमार्फत दुध बिक्री गर्ने ३३ जना कृषकले ९१ हजार ६३ लिटर दुध बिक्रीको परिमाणका आधारमा १ लाख ५६ हजार ९ सय ७० रुपैंया बितरण गरिएको बताए ।

त्यस्तै नन्दकिश्वर डेरी प्रा.लि. थाहा-६ मार्फत ८५ जना कृषकले १ लाख ३ हजार ४ सय ५८ लिटर दुध बिक्री गरेबापत बिक्री परिमाणका आधारमा १ लाख ७८ हजार ३ सय ३६ रुपैंयाँ, देबदर्शन निष्ठा डेरी उद्योग थाहा-३ मार्फत १ सय ५३ जना कृषकले २ लाख २६ हजार ४ सय ९२ लिटर दुध बिक्री गरेबापत ३ लाख ९० हजार ४ सय १७ रुपैंयाँ र सुन्तलाबारी कृषि सहकारी संस्था लि. थाहा-१२ मार्फत २८ जना कृषकले २७ हजार ५९ लिटर दुध बिक्री गरेबापत ६६ हजार ६ सय ३३ रुपैंयाँ बितरण गरिएको थाहा नगरपालिका पशुविकास शाखाले जनाएको छ ।

पशुविकास शाखाका अनुसार गाईको दुधमा प्रतिलिटर १ रुपैंयाँ ७५ पैसाको दरले र भैंसीको दुधमा प्रतिलिटर २ रुपैंयाँ ५० पैसाको दरले प्रोत्साहन अनुदान बितरण गरिएको हो । बिहीबार र शुक्रबार नगरपालिकाको पशुविकास शाखा मार्फत चालु आर्थिक वर्ष २०७९/८० मा पालिकाभित्रका तीन डेरी र एक सहकारीमार्फत किसानलाई अनुदानबापतको रकम बितरण गरेको थियो । यसैगरी उत्कृष्ट दुग्ध उत्पादन गर्ने तीन जना जना कृषकलाई नगद सहित सम्मानित गरिएको छ । सम्मानित हुनेमा थाहा-२ का माधव कार्की, थाहा-१२ का भीमबहादुर गोले र थाहा-६ की पार्वती ढुङ्गाना रहेका छन् ।

त्यस्तै ४ वटा पशुपालन फर्मलाई नगद सहित सम्मानित गरिएको पशुविकास शाखाका प्रबिधिक मिश्रले बताए ।

सम्मानित हुने फर्म लामिछाने गाई तथा कृषि फार्म, थाहा-१, डाँडाघरे 'बा' को कृषि तथा पशुपंछी फार्म, थाहा-२, मंजिल कृषि तथा पशुपंछी फार्म, थाहा-३ र पीपी कृषि तथा पशुपालन फार्म, थाहा-६ रहेका छन् । पशुपालनलाई प्रोत्साहन गरी किसानमार्फत दूध संकलन गर्ने चारवटै डेरीलाई प्रोत्साहनबापत नगद सहित सम्मान गरिएको छ ।

थाहा नगरपालिकाले बिगत चार वर्षदेखि किसानलाई दूधमा अनुदान प्रदान गर्दै आएको छ । थाहा नगरपालिका प्रमुख विष्णुबहादुर बिष्टले प्रोत्सहान अनुदानबाट किसानलाई पशुपालनमा आकर्षण गरी स्वरोजगारमा प्रेरित गर्न सहयोग पुग्ने बताए । थाहा नगरपालिकाको दुध र मासुमा आत्मनिर्भर बन्ने नीति अनुरुप गाईभैंसी पकेट क्षेत्र समेत बिस्तार गर्ने कार्यक्रम निरन्तर रहेको नगरप्रमुख बिष्टले बताए । कृषकलाई उत्पादनमा आधारित रहेर प्रोत्साहन गर्दा ब्यावसायिक बन्न प्रेरणा मिलेको युवा कृषक माधव कार्कीले बताए ।

कार्कीले अनुदानलाई निरन्तरता दिन र गाईभैंसी खरिद गर्नका लागि समेत अनुदान उपलब्ध गराउन सके युवालाई पशुपालनमा आकर्षित गरी स्वरोजगार सृजना गर्न सकिने बताए ।

थाहा नगरपालिकाको बिभिन्न वडामा समूह, सहकारी, फर्म, डेरीमार्फत दुध बिक्री गर्दा प्रोत्सहान बापत रकम आउन थालेपछि कृषक पशुपालनतर्फ आकर्षित हुन थालेका छन् । दुधमा उत्पादनमा आधारीत प्रोत्सहान अनुदान दिएर पशुपालनमा सहयोग गरेकोमा कृषकले नगर पालिकालाई धन्यवाद दिएका छन् ।

# बागमती प्रदेशमा बन्यो ८ वटा शीतभण्डार

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ लामो समयदेखि शीतभण्डार स्थापनाको प्रयास गरिरहेका स्थानीय किसानको चाहना पूरा भएको छ । बागमती प्रदेश सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले प्रदेशका विभिन्न जिल्लामा आठ शीतभण्डार निर्माण गरेको छ । दुई शीतभण्डार निर्माणको क्रममा छन् ।

देशकै मध्यभागमा कृषि उत्पादनका हिसाबले उत्कृष्ट रहेको यस प्रदेशभित्र ठूलो लगानीमा धेरै क्षमताका शीतभण्डार निर्माण गरिएका हुन् । मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेका अनुसार चितवनको सिमलटाँडीमा एक हजार पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार तेह्र करोड रुपैयाँको लागतमा निर्माण गरिएको हो ।

धादिङको चरौदीमा सोही क्षमताको उत्तिकै लागतमा शीतभण्डार निर्माण गरिएको छ । रसुवाको कालिकास्थानमा चार करोड रुपैयाँको लागतमा तीन सय मेट्रिकटन क्षमताको, दोलखाको जिरीमा पाँच करोडको लागतमा पाँच सय मेट्रिकटन क्षमताको, रामेछापको मन्थलीमा पाँच करोडको लागतमा पाँच सय मेट्रिकटन क्षमताको तथा सिन्धुपाल्चोकको इन्द्रावतीमा पाँच करोडको लागतमा पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण गरिएको छ ।



यस्तै सिन्धुपाल्चोककै लिसंखुपाखरमा पाँच करोडको लागतमा पाँच सय मेट्रिकटन क्षमताको र सिन्धुलीको मूलकोटमा पाँच करोडको लागतमा पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण सम्पन्न भएका छन् । सचिव पाण्डेका अनुसार ती सबै शीतभण्डार साउनभित्र सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यक्रम छ । नुवाकोटको बेलकोट र विदुरमा २०/२० करोडको लागतमा पाँच/पाँच हजार मेट्रिकटनका दुई शीतभण्डार निर्माणको क्रममा छन् । 'दुवै शीतभण्डारको काम ६० प्रतिशत भन्दा बढी सम्पन्न भएको छ । आगामी मङ्सिरसम्म काम सम्पन्न हुन्छ', उनले भने ।

आर्थिक वर्ष २०७७/७८ देखि शीतभण्डार निर्माण थालिएको हो । कोभिड-१९, निर्वाचनलगायत कारणले काम सम्पन्न गर्न ढिला भएको हो । बागमती प्रदेश सरकारको ७० प्रतिशत र स्थानीय तहको ३० प्रतिशत लगानीमा ती शीतभण्डार निर्माण गरिएका हुन् ।

'काभ्रेको आलु शीत भण्डारको अभावमा कपिलवस्तु पुऱ्याउनुपरेको थियो, अब समस्या हट्छ', सचिव पाण्डेले भने, 'तर कारी र फलफूल बिक्री नभएर सडकमा फाल्ने तथा लागतभन्दा सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता थियो, अब त्यो अवस्था आउँदैन ।' शीतभण्डारमा काम गर्ने कर्मचारीलाई तालिम प्रदान गरेर उत्पादन लामो समय टिकाउनका लागि मन्त्रालयले पहल गर्ने उनको भनाइ छ । शीतभण्डार सञ्चालनमा आएसँगै बाह्रैमहिना उपभोक्ताले तरकारी तथा फलफूल उपभोग गर्न पाउने छन् ।

पर्याप्त उत्पादन हुँदा सस्तो र कम उत्पादन हुँदा महँगोमा तिर्नुपर्ने बाध्यताको अन्त्य गर्न शीतभण्डार प्रभावकारी हुने उनको भनाइ छ । आलुको बीउका लागि शीतभण्डार अनिवार्य हुँदा टाढाटाढा र भारतबाट समेत महँगोमा बीउ खरिद गर्नुपर्ने बाध्यताको अब अन्त्य हुने अपेक्षा गरिएको छ ।

# ३८ लाखको लागतमा बन्यो दुई पालिका जोड्ने पुल

साझाकुरा संवाददाता



हेटौंडा, २२ असार/ हेटौंडा उपमहानगरपालिका र राक्सिराङ गाउँपालिकाको सीमानामा पर्ने चुर्लिङखोलामा झोलुङ्गे पुल निर्माण भएको छ । लामो समयदेखि पुल निर्माणको माग गर्दै आएका हेटौंडा-१९ शिरान्चोक बेसीटोलका बासिन्दा पुल निर्माणसँगै हर्षित भएका छन् ।

बर्षाको समयमा चुर्लिङखोला तरेर वारपार गर्नुपर्ने बाध्यतासँगै उत्तिकै जोखिमबाट उनीहरु मुक्त भएका छन् । हेटौंडा उपमहानगरपालिकाले संघीय शसर्त अनुदानमार्फत झोलुङ्गे पुल निर्माण गरिदिएको हो । २०७६ मा डिपीआर स्वीकृत भई २०७७ सालमा आएको बजेट कार्यान्वयनमा ल्याउन नसक्दा स्थानीयले चिन्ता गरेको थिए । लामो समय पुल निर्माणका लागि धायौं, अहिले बल्ल गाउँलेको आंकाक्षा पुरा भएको स्थानीय कुमार व्लोनले बताए ।

उनले भने 'हामी ठुला मान्छे त खोला तर्छन् विद्यालय जाने बालबिलकालाई ठुलो समस्या थियो त्यो टऱ्यो ।' बर्षौंदेखि खोलापारीको विद्यालयमा अध्ययनको लागि खोलातरेर जानुपर्ने बाध्यतामा रहेका हेटौंडा-१९ शिरान्चोक बेसीटोलका बालबालिकाको समस्या टरेको हो । झोलुङ्गे पुल निर्माणसँगै अध्ययनका लागि खोला तर्नुपर्ने जोखिमबाट उनीहरु मुक्त भएका हुन् ।

तीन बर्षअघि पुल निर्माणको लागि आएको बजेट कार्यान्वयन हुन नसक्दा अध्ययनका लागि जानुपर्ने बालबालिका खोलाको जोखिम मोल्दै विद्यालयसम्म पुग्ने गरेका थिए । हेटौंडा-१९ र राक्सिराङ-१ जोड्ने चुर्लिङखोला तरेर राक्सिराङ गाउँपालिका-१ दुङ्गोभञ्ज्याङमा रहेको कालिका आधारभूत विद्यालयसम्म जानका लागि शिरान्चोक बेसीटोलका बालबालिकालाई बर्षाको समयमा समस्या हुने गरेको थियो । उपमहानगरको बेसीटोलबाट १५ घरका ३५ जना बालबालिका अध्ययनका लागि विद्यालय जाने गरेका छन् ।

पुलको अभाबका कारण नजिकै देखिएपनि वारीपारीको सम्बन्धका लागि हिउँद कुर्नपर्ने अवस्था थियो अब समस्याबाट छुटकारा पाएको स्थानीयले बताए । दुई पालिका जोड्ने झोलुङ्गे पुलको हेटौंडा उपमहानगरपालिका नगर प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले उद्घाटन गरेका छन् । शिरान्चोकवेसी झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले ३८ लाख रुपैयाँको लागतमा पुल निर्माण गरेको हो ।

झोलुङ्गे पुलको निर्माण प्राबिधिक सहयोग राडो नेपालले गरेको थियो । ७६ मिटर लामो पुलमा संघीय सरकारले ८५, हेटौंडा उपमहानगरपालिकाले १३ र उपभोक्ता समितिले २ प्रतिशत लगानी गरेका छन् । निर्माण भएको झोलुङ्गे पुलबाट दुई पालिकाका ५ हजार स्थानीय लाभाम्वित हुने बताइएको छ ।

झोलुङ्गे पुलको उद्घाटनमा जग्गा दान गर्ने बाघसिं स्याङ्तान, बीरबहादुर लो र पुल निर्माणको क्रममा काममा खटिएका स्थानीय मिस्त्री हर्कबहादुर थोकर, ईन्द्रबहादुर स्याङतानलाई सम्मान गरिएको थियो । पुल निर्माण समितिका अध्यक्ष कुमार व्लोनको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१९ का अध्यक्ष नरनाथ सुवेदी, राडो नेपालका कार्यक्रमा संयोजक बिष्णु धिताल लगायतको आतिथ्यता रहेको थियो ।

# 'लापसे चेकिङ'मा थाहाका चालक खत्री पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ नागढुंगामा शुक्रबार गरिएको चेकिङका क्रममा लागुपदार्थ सेवन (लापसे) गरी सवारी साधन चलाउँदै गरेका ६ जना चालक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा बागमती प्रदेश ०३-००१ च ११ ३६ नम्बरको पिकअप चालक मकवानपुरको थाहा नगरपालिका ३ का २९ वर्षीय र मेश खत्री, बा ४ ख ६३ ६४ नम्बरको ट्रकचालक नुवाकोटको ककनी गाउँपालिका ३ का २० वर्षीय कृष्ण बहादुर तामाङ, लु २ ख १७ ७६ नम्बरको मिनी ट्रकचालक पर्वतको जलजला गाउँपालिका ८ का २५ वर्षीय डमबल सार्की, बागमती प्रदेश ०२-०२५ च ९०५५ नम्बरको पिकअप चालक धादिङको गजुरी गाउँपालिका-५ का २५ वर्षीय संजय राई रहेका छन् ।

यसैगरी बागमती प्रदेश ०३-००१ च १५ ४९ नम्बरको पिकअप चालक चितवनको भरतपुर महानगरपालिका ११ का २८ वर्षीय गोविन्द कुमाल र बा २० च ७१ २८ नम्बरको कारचालक काठमाडौँको बालुवाटारका ३० वर्षीय सम्राट प्रसाईं पनि पक्राउ परेका छन् । नियन्त्रणमा लिएका ६ जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरीवृत्त थानकोटमा राखिएको छ ।

नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्युरो, ट्राफिक प्रहरी प्रभाग नागढुङ्गा र प्रहरी प्रभाग नागढुङ्गाको संयुक्त टोलीले २५ वटा सवारी साधनका चालकलाई चेक गर्दा ६ जनाले लागूपदार्थ सेवन गरी सवारीसाधन चलाएको पाइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता प्रहरी वरिष्ठउपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

# क्रियाशील पत्रकारलाई महासंघको सदस्यता दिन प्रेस युनियनको आग्रह

हेटौंडा, २२ असार/ नेपाल प्रेस युनियन मकवानपुरले क्रियाशील सञ्चारकर्मीलाई सदस्य हुनबाट बञ्चित नगर्न आग्रह गर्दै नेपाल पत्रकार महासंघ मकवानपुरको ध्यानाकर्षण गराएको छ ।

अध्यक्ष सुवास विडारीले शुक्रबार विज्ञप्ति जारी गर्दै महासंघ मकवानपुर शाखाले केन्द्रले तोकेको मापदण्ड पूर्णरुपमा पालना नगरी मनोमानी ढंगबाट सदस्यता सिफारिस गरेको भन्दै आपत्ती जनाएका छन् । 'महासंघ मकवानपुर शाखाले केन्द्रले तोकेको मापदण्ड पूर्णरुपमा पालना नगरी सरकारी नियुक्ति लिएका र राजनीतिमा क्रियाशील रहेकाको सदस्यता कायम राखेको र सञ्चार कर्ममै क्रियाशील रहेकाहरुको नवीकरण र नयाँ सदस्यता हुनबाट बञ्चित गरेकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।' विज्ञप्तीमा भनिएको छ ।

साथै जिल्लामा सक्रिय कलमजीवीहरुको उजुरी लिने र सोमाथि कुनै छलफलसमेत नगरी प्रदेशलाई सिफारिस गरको भन्दै महासंघको यो कदमप्रति युनियनको पूर्ण असहमति रहेको उल्लेख छ ।

# मकवानपुरगढीमा ८० जना छात्रालाई छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुरगढी गाउँपालिका कार्यालयले 'उपध्यक्ष छात्रवृत्ति कार्यक्रम'मार्फत उच्चशिक्षामा छोरीको पहुँच स्थापित गराउन ८० जनालाई छात्रवृत्ति प्रदान गरेको छ ।

मकवानपुरगढी गाउँपालिकामा चालू आर्थिक वर्ष २०७९/८० भित्र ८० जना छात्राहरुलाई छात्रबृत्ति प्रदान गरिएको हो । आर्थिक वर्ष २०७९ र ८० को विनियोजित बजेटबाट गाउँपालिका उपाध्याक्ष छात्रवृत्ति कार्यक्रमाअन्तर्गत कार्यक्रम सम्पन्न भएको हो । मकवानपुरगढी गाउँपालिकाका आठै वडाबाट जम्मा ८० जना छात्रालाई छात्रवृत्ति प्रदान गरिएको हो । प्रत्येक वडाबाट १० जनाको दरले नगद दस हजार का दरले आठ लाख रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको पालिकाले जनाएको छ ।

माध्यमिक तह कक्षा ११ देखि उच्चशिक्षा अध्ययन गर्ने गरिब, बिपन्न, जेहेन्दार ,छात्रा विद्यार्थीलाई गाउँपालिकाले छात्रवृत्ति प्रदान गरेको हो । विशेष गरी परिवारको आर्थिक अभावका कारण महिला विद्यार्थीले विद्यालय छाड्नु पर्ने वातावरण नहोस भन्नका लागि उपाध्याक्ष छात्रवृत्ति कार्यक्रम संचालन गरेको गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन नेपालीले बताइन् ।

कसैले पनि उच्चशिक्षा अध्ययनको लागि आर्थिक अभावकै कारण विद्यालय छाड्ने अवस्था नआओस भन्नका लागि स्थानीय सरकारकातर्फबाट पालिकाले यो कार्यक्रम सन्चालन गरी छात्रवृत्ति वितरण गरेको र यो कार्यक्रमले कापी कलम तथा ड्रेस किन्न नसक्ने परिवारका लागि विद्यालय छोडेर गाउँघरमा खेतीपाती नै गरेर आफ्नो जीबिको पार्जन चलाउन पर्न बाध्यता केहीहदसम्म हट्ने यो परिपाटीको अन्त्यका लागि यो कार्यक्रम फलदायी हुने विश्वास लिएको नेपालीले बताइन् ।

उनका अनुसार छात्रवृत्ति कार्यक्रमले विद्यार्थीमा पढ्ने हौसला बढ्ने र परिवारमा आर्थिक अबस्था कमजोर भएका छात्रालाई स्थानीय सरकार भएको महसुस हुने कुरा बताइन् । साथै आमा साक्षर भएमात्र उनीहरुको छोराछोरी साक्षर हुने र अनिमात्र छोरीको पहुँच उच्चशिक्षातिर लम्कने नेपालीले बताइन् ।

बुधबार मकवानपुरगढी वडा नम्बर ७ सुकौराबाट सुरु गरेको छात्रवृत्ति कार्यक्रमा वडा नम्बर ३ का १० जनालाई छात्रवृत्ति प्रदान गरी कार्यक्रमा सम्पन्न भएको छ । छात्रवृति कार्यक्रम मकवानपुर गढी गाउँपलिका भित्रका माध्यमिक विद्यालयमा अध्ययन गर्ने र उचशिक्षा अध्ययनका लागि मकवानपुर जिल्लाभित्रका अन्य शैक्षिक सस्थामा अध्ययन गर्ने छात्रालाई प्रदान गरिएको थियो ।


# नेता बानियाँद्वारा विपन्न चेपाङ समुदायलाई खाद्यान्न वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले भीमफेदी-२ का विपन्न तथा चेपाङ समुदायका ४० घरपरिवारलाई खाद्यान्न वितरण गरेका छन् ।

नेपाली कांग्रेस भीमफेदी गाउँपालिका-२ का वडासभापति मञ्जु थापाको सभाध्यक्षता तथा नेता बानियाँको प्रमुख आतिथ्यतामा भीमफेदी-२ को पुरानो गाउँ, दमार र चौकीडाँडा टोलका गरिव, विपन्न तथा चेपाङ समुदायका ४० घरपरिवारलाई प्रतिघरधुरी ३० किलोको एक बोरा चामल वितरण गरिएको हो । खाद्य सामग्री हस्तान्तरण गर्दै नेता बानियाँले नेपाली कांग्रेस प्रत्येक दिनदु:खी, असहाय, गरिबको सेवामा सधैं समर्पित रहने बताउँदै वर्षातको समयमा गरिब र विपन्न जनतालाई केही राहत हुने लक्ष्यका साथ सानो सहयोग गरेको बताए ।

कांग्रेस बागमती प्रदेश सभापति बानियाँले कांग्रेस सधैं जनताको दु:ख, पीडा र साथ सहयोगमा र हिरहने बताउँदै आगामी दिनमा पनि गरिव, विपन्न परिवारलाई दु:ख अफ्टेरोमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा कांग्रेस बागमती प्रदेश सदस्यद्वय राजन भट्ट र प्रज्वल दवाडी, कांग्रेस चितवनका महाधिवेशन प्रतिनिधि शेरबहादुर परियार, कांग्रेस मकवानपुरका जिल्ला सदस्य नवराज खतिवडा, भीमफेदी गाउँपालिका उपाध्यक्ष सञ्जीव श्रेष्ठ, लगायतले मन्तव्य व्यक्त गरेका थिए ।


## गोदामघर भाडामा चाहियो

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना